# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (२), संख्या १७, हुप्सेकोट, माघ १७ गते बिहीबार, २०७५ साल

## भाग २

### हुप्सेकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय,

### झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

### गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## हुप्सेकोट गाउँपालिकाको अनुगमन तथा मूल्याङ्गन सम्बन्धी कार्यविधि, २०७५

हुप्सेकोट गाउँपालिका

## हुप्सेकोट गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७५

**प्रारम्भिक**

हुप्सेकोट गाउँपालिका भित्र गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन नियमित, व्यवस्थित र प्रभावकारी तुल्याउन एक कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२, ५) ले दिएको अधिकार प्रयोग गरी हुप्सेकोट गाउँकार्यपालिकाले यो कार्याविधि जारी गरेको छ ।

### परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

**१. सक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम "हुप्सेकोट गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि", २०७५ रहनेछ ।

ख) यो कार्यविधि हुप्सेकोट गाउँपालिकाको गाउँ कार्यपालिकाले पास गरेपछि कार्यान्वयनमा आउने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भए, नभएको कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भए नभएको सम्बन्धमा गाउँ कार्यपालिका, बडा समिति वा कार्यालयबाट तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्छ ।

(ग) "अनुगमन मूल्यांकन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित

गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा(२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्यांकन समिति समेतलाई जनाउँछ ।

(घ) "उपाध्यक्ष" भन्नाले हुप्सेकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले हुप्सेकोट गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७५ सम्झनुपर्छ

(च) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाँउपालिकालाई सम्झनुपर्छ ।

(छ) "मुल्याङ्कन" भन्नाले तोकिएका सूचकका आधारमा कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा कतिको उपलब्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्छ ।

## परिच्छेद -२

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति** (१) गाउँपालिका सरहदभित्र सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन र कार्यक्रमहरुको लागत, परिणाम, समयसीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि गाउँपालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) कार्यपालिकाले मनोनयन गरेको सम्बन्धित वडाको वडाध्यक्ष स्वतः रहने गरी

कार्यपालिका सदस्य बढीमा २ जना - सदस्य

तर, यसरी मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडा अध्यक्ष तथा कार्यपालिका सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।

(ग) प्रविधिक शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको व्यक्ति - सदस्य

(ङ) प्रमुख, योजना शाखा - सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य कर्मचारीलाई अनुगमन मूल्याङ्कन गर्न वाधा पुगेको मानिने छैन ।

हुप्सेकोट गाउँपालिका

(२) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न वडाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य - सदस्य

तर, यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई जिम्मेवारी तोकिएको क्षेत्रसँग सम्बन्धित फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।

(ग) वडा सचिव - सदस्य

(घ) वडामा कार्यरत प्राविधिक कर्मचारी —सदस्य

**४. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यावधान र समस्या समाधानकन लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए, नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरिवेक्षण र मूल्यांकन गर्नुपर्नेमा सो अनुरुप गरे, नगरेको विषयमा अनुगमन गरि आवश्यक निर्देशन दिने,

(घ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्बन्धमा आवश्यक सुपरिवेक्षण गर्ने र गाउँपालिकामा प्रतिवेदन सहित पेश गर्ने ।

(ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने र गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

(च) कुनै योजना अथवा कार्यक्रम को बजेट, नामाकरण, बजेट शिर्षक बजेट रकमान्तर गरी संशोधन गर्नुपर्ने भएमा अनुगमन गरी बैठकमा सिफारिश गर्ने,

(छ) विषयगत शाखा र अन्य क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने,

(ज) गैरसरकारी सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने र गाउँपालिकामा जानकारी पेश गर्ने ।

(झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु नियमितरुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने र

(ञ) समितिले समय समयमा गरेको अनुगमन तथा सुपरिवेक्षण गरी सो को चौमासिक र वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने, आदि ।

(ट) वडा स्तरीय योजनाको कार्यको विवररण पेश गर्ने ।

**४.२ अनुगमन तथा मूल्याङ्कन समितिको आचारसंहिता**

(क) अनुगमन गर्ने व्यक्ति तथा पदाधिकारीहरुले राजनैतिक पूर्वाग्रह राखि काम गरेको देखिन नहुने,

(ख) अनुगमन गर्दा देखिएको वस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्ने

(ग) अनुगमनमा प्रतिवेदन व्यक्ति विशेष केन्द्रीत नभई संस्थागत विषय सवालमा केन्द्रित हुनु पर्ने

(घ) समग्र अनुगमन प्रतिवेदन सुधार र पृष्ठ पोषणको लागि हुनु पर्ने

**५. योजना स्थलमा गरिने अनुगमन विधिः** अनुगमनमा देहाय बमोजिम अनुगमन विधिहरु अवलम्बन गरिनु पर्दछ ।

- योजना र कार्यक्रमको निरीक्षण अवलोकन
- योजना सञ्चालनमा संलगन प्राविधिकहरु सँग प्रश्नेत्तर
- वडा समिति संसँग छलफल गर्ने
- उपभोक्ता समितिका पदाधिकारी र सर्वसाधारण जनतासँग अन्तरवार्ता र छलफल
- टोल विकास समिति सँग छलफल गर्ने
- जानकारी विवरण र तथ्याङ्कहरु टिपोट
- अनुगमन पश्चात गर्नुपर्ने कार्यहरु

अनुगमन उप समितिले आफ्नो प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायको उपयुक्त बैठकमा प्रस्तुत गरी आवश्यक छलफलबाट प्राप्त सुझाव तथा निष्कर्ष समावेश गरी गाउँपालिकामा जानकारी गराई प्रतिवेदन पेश गरी स्थानीय सञ्चार माध्यममा सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गर्ने ।

**६. अनुगमन तालिका तयार गर्नुपर्ने** (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना तथा कार्यक्रमहरुको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

**७.अनुगमन तथा मुल्याङ्कनकर्ताले पाउने सेवा, सुविधाः** (१) अनुगमन समितिले अनुगमन तालिका वमोजिम आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको लागि लाग्ने खर्च कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(२) स्वकृत तालिका वमोजिम  अनुगमन तथा सुपरीवेक्षणको लागि आवश्यक स्रोत र साधनको व्यवस्था मिलाउने दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) अनुगमन तथा सुपरीवेक्षणमा संलग्न टोलि सदस्य तथा आमन्त्रित अन्य सदस्यहरुको भत्ता वा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी कार्यको सञ्चालन गर्ने, अनुगमन प्रतिवेदनको अभिलेख राख्ने र अनुगमनवाट प्राप्त पृष्ठपोषणलाई लिखित रुपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने कार्य सदस्य सचिवले गर्नेछ ।

तर, दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित समितिका पदाधिकारी एवं कर्मचारीहरुले पाउने अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा दुई दिनसम्मको मात्र उपलब्ध हुनेछ ।

(५) अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य कर्मचारी अनुगमन तथा मुल्याङ्कनमा जाँदा उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

## परिच्छेद -३

## अनुगमन तथा मूल्यङ्कनको क्षेत्र

**८. अनुगमन र मुल्यांकनको क्षेत्रः** (क) हुप्सेकोट गाउँपालिका कार्यालय र सो अन्तर्गतका विभिन्न गाउँपालिका स्तरीय योजना लगायत विषयगत शाखा, वडा कार्यालयहरुबाट सम्पादन गरेको कार्यहरु,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी निकायहरुबाट सम्पादन भएका कार्यहरु

(ग) गाँउपालिका अन्तर्गतका शाखा तथा ईकाइ बाट सम्पादन गर्ने कार्यसंग सम्बन्धित बिषय ।

**९. अनुगमन तथा मूल्याङ्कन विधि**

(क) सूचकहरुको पहिचान र तयारी

(ख) सूचकहरुको तथा प्रतिवेदनहरुको विश्लेषण

(ग) स्थलगत भ्रमण/अध्ययन

(घ) टेलिफोन सम्पर्क

(ङ) औपचारिक/अनौपचारिक भेटघाट र छलफल

(च) कार्यदल गठन

(छ) गोष्ठी संचालन तथा अन्तरक्रिया

(ज) अन्तरवार्ता तथा प्रश्नावली फारम

(झ) प्रतिवेदन तयारी

(ञ) अनुगमन तथा मूल्याङ्कन अन्तर्गत विभिन्न चरणका कार्यहरु

**१०. अनुगमन सम्बन्धी चरणहरु :**

**प्रथम चरण**

(क) अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेट विनियोजन गर्ने

(ख) अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना तयार गर्ने

(ग) आवश्यक अनुगमन तथा मूल्यांकनका सूचकहरु सहित फारमहरु तयार गर्ने ।

**दोस्रो चरण**

(क) सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको स्थलगत अनुगमन गरी आवश्यक सूचना र जानकारीहरु संकलन गरी प्रतिवेदन तयार गर्ने,

(ख) नियमित अनुगमन तथा मूल्यांकन गरी चौमासिक रुपमा कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने र प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

## परिच्छेद - ४

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**११. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन** दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिका सदस्यले अनुसूचि -३ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१२. प्रतिवेदन पेश गर्ने अवधि** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ११ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन पश्चात तत्काल बस्ने कार्यपालिका बैठक समक्ष पेश गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ११ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन पश्चात तत्काल बस्ने वडा समितिको बैठक समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ५

## विविध

**१३. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**१४. संशोधन** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**१५. बचाउः** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका कार्य तथा प्रदान गरिएका सेवा सुविधा यसै कार्याविधि बमोजिम भए गरेका मानिनेछन् ।

**अनुसूचि -१**

**दफा ८ क संग सम्बन्धित**

**गाउँस्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति**

**अनुगमन फाराम**

मितिः

क्र सं.

वडा नं.

आयोजना /कार्यक्रमको नामः

आयोजना स्थल/टोलः

विनियोजित बजेट रकमः

कार्यान्वयन प्रकृया (ठेक्का वा उपभोक्ता समिति)

आयोजना सूचनापाटीः

हालसम्मको प्रगती प्रतिशतः

मिति :

हालको अवस्थाः

सुझावहरुः

दुम्सेकोट गाउँपालिका

## अनुसुची -२

### दफा ८ ख संग सम्बन्धित

### हुप्सेकोट गाउँपालिका गैससहरुको कार्यक्रम अनुगमन जाँच सुची

कार्यक्रम संचालन गर्ने संस्थाको नाम :

संस्था ठेगानाः

अनुगमन मिति :

| सि.नं | सुचकहरु | विवरण | कैफियत |
|---|---|---|---|
| क. | संस्था सम्बन्धी विवरण | **भएको** | **नभएको** |
| | संस्था नविकरण | | |
| | संस्था प्रमुखको नाम | | |
| | संचालन गरेको परियोजना | | |
| | कर्मचारी संख्या | | |
| | अनुगमन गरिने कार्यक्रमको नाम | | |
| | कार्यक्रमको बजेट | | |
| | सहयोग गर्ने निकाय | | |
| | कार्यक्रम शुरु भएको मिति<br>कार्यक्रम सम्पन्न गरी सक्नु पर्ने मिति | | |
| | भौतिक लक्ष्य | | |
| ख. | कार्यक्रम कार्यन्वयन प्रक्रिया | | |

हुप्सेकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | | |
| | कार्यक्रम मागमा आधारित | | |
| | गाउँ परिषदबाट स्वीकृत | | |
| | जिल्ला समन्वय समिति | | |
| | संस्थाले गरेको मुल्य लगानीहरु | | |
| | १ | | |
| | २ | | |
| | कार्यक्रम प्रति लक्षित समुहको धारणा | भएको | नभएको |
| | पारदर्शिता/सामाजिक लेखा परीक्षण | | |
| | कार्यतालिका अनुसार कार्यान्वयन | | |
| | कार्यक्रमबाट लाभ प्राप्त | | |
| | लाभान्वितहरुको समुह/सदस्य संख्या | | |
| | **कार्यक्रमबाट लाभ पाउने संख्या** | | |
| | **सुचकहरु** | **विवरण** | **कैफियत** |
| | दलित | | |
| | जनजाति | | |
| | पिछडावर्ग | | |
| | मुस्लिम | | |
| | अन्य | | |

कार्यक्रम बाट सम्बन्धित स्थलगत अनुगमनमा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१.

२.

३.

अनुगमनमा संलग्न व्यक्तिहरुको नाम/ठेगाना/ हस्ताक्षर

१. हस्ताक्षर

२. हस्ताक्षर

३. हस्ताक्षर

नोट : प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै अनुगमन गरी यस ढाँचामा प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

हुप्सेकोट गाउँपालिका

**अनुसूची-३**

**(दफा ११ सँग सम्बन्धित)**

**अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन**

योजना, आयोजना तथा कार्यक्रमको नामः

ठेगानाः

योजना, आयोजना तथा कार्यक्रमको अवस्थाः

लाभग्राही वा स्थानीय नागरिकको सुझाव वा गुनासोः

उपभोक्ता समितिको पदाधिकारीहरुको

नाम, थरः

पदः

दस्तखतः

मितिः

उल्लेख गर्नुपर्ने अन्य कुनै व्यहोरा भए :

**अनुगमन तथा मुल्याङ्कनकर्ताको :**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**प्रमाणिकरण मितिः २०७५/१०/१६**

**राजपत्रमा प्रकाशित मितिः २०७५/१०/१७ बिहिबार**

**आज्ञाले,**
**हरि पंगेनी**
**प्रमुख प्रशासकिय अधिकृत**